आज मिति २०८० जेठ १२ गते शुक्रबारका दिन बागचौर नगर कार्यपालिका सल्यानका नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

| | |
|---|---|
| श्री जनकराज गौतम | नगर प्रमुख |
| श्री सुम्निमा डि.सि. वली | उप-प्रमुख |
| श्री गंगाराम बस्नेत | १ नं. वडा अध्यक्ष |
| श्री दिपेश डि.सी | २ नं. वडा अध्यक्ष |
| श्री भीम प्रकाश भण्डारी | ३ नं. वडा अध्यक्ष |
| श्री कृष्ण बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष |
| श्री जोगेन्द्र वली | ५ नं. वडा अध्यक्ष |
| श्री ज्ञान बहादुर वली | ६ नं. वडा अध्यक्ष |
| श्री प्रेम बहादुर डि.सी. | ७ नं. वडा अध्यक्ष |
| श्री शुसिल जंग चन्द | ८ नं. वडा अध्यक्ष |
| श्री यज्ञ बहादुर डाँगी | ९ नं. वडा अध्यक्ष |
| श्री ज्ञान प्रसास शर्मा धिताल | १० नं. वडा अध्यक्ष |
| श्री केशव बहादुर भण्डारी | ११ नं. वडा अध्यक्ष |
| श्री टीकाराम वली | १२ नं. वडा अध्यक्ष |
| श्री रोजी बुढाथोकी | कार्यपालिका सदस्य |
| श्री ढाँका कुमारी वली डि.सी. | कार्यपालिका सदस्य |
| श्री रीता दमाई | कार्यपालिका सदस्य |
| श्री सीता शर्मा | कार्यपालिका सदस्य |
| श्री रेखा कुमारी डाँगी खत्री | कार्यपालिका सदस्य |
| श्री दिपक बि.क. | कार्यपालिका सदस्य |
| श्री रेशम बि.क. | कार्यपालिका सदस्य |
| श्री टिकाराम बि.क. | कार्यपालिका सदस्य |
| श्री अनन्त कुमार गौतम | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री तिर्थराज डाँगी | सूचना प्रविधि अधिकृत |
| श्री नवराज डाँगी | रोजगार संयोजक |

कार्यपालिका बैठक नं. ११ मिति २०८०।०२।१२ ( आ.व. २०७९।०८०)

**प्रस्तावहरुः**

१) आर्थिक वर्ष २०८०।०८१ को लागि मुख्यमन्त्री रोजगार कार्यक्रमको योजनाहरु छनोट सम्बन्धमा ।

२) लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।

३) विविध।

CamScanner

**निर्णय नं. २:** यस पालिकाको आ.व. २०७८।०७९ को महालेखा परीक्षकको कार्यालयबाट प्राप्त लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी उक्त लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरुलाई आगामी दिनमा सुधार गर्दै लैजाने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ३:** बागचौर नगरपालिका नगर प्रमुख श्री जनकराज गौतम, बानपा नगर कार्यपालिकाको कार्यालय र बानपा नगर शिक्षा समिति समेत उपर श्री उच्च अदालत सुर्खेतमा ईन्द्र बहादुर भण्डारी समेतले उत्प्रेषण परमादेश (मुद्दा नं. ०७९-WO-००४७) माग गरी दायर मुद्दा तथा बागचौर नगरपालिका नगर प्रमुख श्री जनकराज गौतम समेतलाइ विपक्षी बनाई श्री उच्च अदालत सुर्खेतमा जगत कुमारी बस्नेतले उत्प्रेषण परमादेश (मुद्दा नं. ०७९-WO-००५२) दायर मुद्दामा लिखित जवाफ पेश गर्न र तारेखमा रही मुद्दाको पुर्पक्ष तथा वहस पैरवी गर्न रुपलाल वलीको छोरा सल्यान जिल्ला छत्रेश्वरी गा.पा. वडा नं. २ निवासी वर्ष ४७ को अधिवक्ता डम्बर बहादुर ओलीलाई अख्तियारीनामा प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** एक स्थानीय तह एक पशुपंक्षी कार्यक्रमका लागि बागचौर नगरपालिका वडा नं. ७ लाई छनौट गरी सो कार्यक्रम वापतको २० प्रतिशत रकम नगरपालिकाले लागत साझेदारी गर्ने र सो को जानकारी पशु अस्पताल तथा पशु सेवा कार्यालय, सल्यानलाई जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

CamScanner